# आगामी तीन वर्ष (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) को बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा, २०८०

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ८ को उपदफा (१) बमोजिम राष्ट्रिय योजना आयोगबाट जारी भएको)


नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाण्डौ



२०८० फागुन ६

विषयसूची


१. पृष्ठभूमि ........................................................................................................ १

२. कानूनी व्यवस्था........................................................................................................ १

३. कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषयहरू........................................ २

३.१. कार्यक्रम तथा आयोजना प्रस्तावका आधारहरू: ........................................................ २

३.२. कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा ध्यान दिनुपर्ने विषयहरू ........................................ ३

४. आवधिक योजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन ................................ ६

५. समष्टिगत आर्थिक मार्गदर्शन ........................................................................................ ६

६. तहगत सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना सम्बन्धी मार्गदर्शन .............................. ११

७. संरचनात्मक रूपान्तरणका क्षेत्रहरू........................................................................ १५

८. मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमामा समावेश गर्नुपर्ने विषयवस्तुहरू...........१५

## १. पृष्ठभूमि

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निश्चित मापदण्ड र आधारहरूको अवलम्बन गर्नु पर्दछ । सीमित स्रोत र साधन उपलब्ध भएको अवस्थामा आवश्यकताको यथोचित प्राथमिकीकरण गरी उपलब्ध स्रोतको अधिकत्तम उपयोगको सुनिश्चितता हुने गरी विनियोजन गर्नुपर्ने हुन्छ । संविधान, कानून र स्वीकृत नीतिले तोकेको दायित्व अनुरुप सम्पादन गर्नुपर्ने कार्य, आवधिक योजनाले तय गरेका प्राथमिकताका क्षेत्र, दिगो विकास लगायत अन्तर्राष्ट्रिय प्रतिवद्धता समेतको आधारमा स्रोतको न्यायोचित वितरण र उपयोग गर्नुपर्ने छ । वार्षिक बजेट तथा कार्यक्रम मार्फत आवधिक योजना कार्यान्वयन हुनेगर्दछ । आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बिचमा पर्याप्त अन्तरआवद्धता कायम गर्नका लागि तीन आर्थिक वर्षलाई समेटेर मध्यमकालीन खर्च संरचना तयार गर्ने कानूनी व्यवस्था र अभ्यास रहेको छ । मध्यमकालीन खर्च संरचना प्रभावकारी हुन सक्दा मात्र आवधिक योजना र वार्षिक बजेटबीचमा यथोचित तालमेल मिल्ने सक्नेछ, साथै सरकारको वार्षिक बजेट अनुमानयोग्य हुन सक्नेछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तर्जुमा सम्बन्धी निश्चित आधार तथा मापदण्डको अवलम्बन गर्दा उक्त दस्तावेज तयारी कार्य थप प्रभावकारी हुनेछ । सरकारका विभिन्न निकायहरूले तर्जुमा गर्ने वार्षिक बजेट पारदर्शी, प्रभावकारी, मितव्ययी एवम् कार्यान्वयनयोग्य र नतिजामूलक तुल्याउन, साथै बजेट तर्जुमा सम्बन्धी विधि र प्रकृयामा पारदर्शीता र एकरुपता कायम गराउन समेत निश्चित मापदण्डको आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ८ को उपदफा (१) ले तोकेको अधिकार एवम् जिम्मेवारी बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न, साथै तीन आर्थिक वर्ष (२०८१/८२-२०८३/८४) लाई समेटेर मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि राष्ट्रिय योजना आयोगले बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा तयार गरेको छ । यस मार्गदर्शनको अधिनमा रही लेखा उत्तरदायी अधिकृतले निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी यसै मार्गदर्शनमा तोकिएको समयावधि भित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु निजको जिम्मेवारी हुनेछ ।

## २. कानूनी व्यवस्था

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा (१) ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने** तथा दफा २२ को उपदफा (१) ले राजस्व र व्ययको अनुमान संसदमा पेश गर्दा **मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने** व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ को उपदफा (१) मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको **मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने** व्यवस्था रहेको छ । उक्त ऐनको दफा ७ को उपदफा (१) मा आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने **खर्चको सीमाको पूर्व अनुमान** चालु आर्थिक वर्षको माघ मसान्तभित्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । साथै ऐनको दफा ८ को उपदफा (१) मा राष्ट्रिय योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट

सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा आर्थिक वर्षको फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ।

## ३. कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषयहरू

आर्थिक वर्ष २०८१/८२-२०८३/८४ सम्मको मध्यमकालीन खर्च संरचना एवम् आर्थिक वर्ष २०८१/८२ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्धारण गर्दा नेपालको संविधान, आगामी सोह्रौं योजना, विद्यमान कानूनी प्रावधान र अन्तराष्ट्रिय सन्धि-सम्झौताहरूलाई महत्वपूर्ण आधारको रूपमा लिईएको छ।

### ३.१. कार्यक्रम तथा आयोजना प्रस्तावका आधारहरू

आगामी आर्थिक वर्षको मध्यकालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका विषयलाई आधार लिनुपर्नेछः

(१) नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू,

(२) आगामी सोह्रौं योजनाका सोच, उद्देश्य, समष्टीगत तथा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू,

(३) नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालु वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू,

(४) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन तथा मिति २०८०/७/१३ को सुझाव कार्यान्वयन सम्बन्धी २२ बुँदे निर्णयहरू एवम् महालेखा परिक्षकको बार्षिक प्रतिवेदन र सुझावहरू,

(५) राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद् तथा राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णयहरू र वर्तमान सरकारको एक वर्षको प्रगति समीक्षा तथा प्राथमिकताका कार्यक्रमहरू,

(६) राष्ट्रप्रमुख तथा सरकार प्रमुखबाट समय-समयमा व्यक्त भएका विचार र मार्गनिर्देशन,

(७) संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिवद्धता तथा सर्वोच्च अदालतका नजिर तथा आदेशहरू,

(८) चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना तथा राष्ट्रिय श्रोत अनुमान समितिको प्रतिवेदन, २०८०,

(९) नेपाल सरकारको तर्फबाट अर्थमन्त्रीले सङ्घीय संसदमा प्रस्तुत गर्नुहुने बजेटका प्राथमिकता तथा सिद्धान्त र सो सम्बन्धमा सङ्घीय संसदबाट प्राप्त हुने सुझाव तथा निर्देशनहरू,

(१०) दिगो विकास लक्ष्य प्राप्तिका सूचक र विकासशील राष्ट्रमा स्तरोन्नतिको तयारी तथा अन्य क्षेत्रसँग सम्बन्धित अन्तराष्ट्रिय प्रतिबद्धताहरू,

(११) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ एवम् सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,

(१२) आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०, सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८, र आयोजना वर्गीकरणको आधार तथा मापदण्ड,२०८०,

(१३) समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

(१४) अन्य विषय क्षेत्रगत नीति, रणनीति, योजना तथा गुरुयोजना ।

## ३.२. कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा ध्यान दिनुपर्ने विषयहरू

मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा र आगामी कार्यक्रम/आयोजना प्रस्ताव गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछ ।

(१) आगामी आर्थिक बर्ष २०८१/८२ का लागि राष्ट्रिय योजना आयोगबाट सम्बन्धित मन्त्रालय वा निकायलाई उपलब्ध गराइएको बजेट सीमाभित्र रहेर बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

(२) अनिवार्य दायित्व (तलब, भत्ता, इन्धन, मर्मत सम्भार, सामाजिक सुरक्षा, कार्यालय भाडा लगायत) का कार्यक्रमहरूमा पहिला प्राथमिकता दिएर बजेट विनियोजन गर्ने ।

(३) जलविद्युत, सूचना प्रविधि, पर्यटन, कृषि, युवा उद्यशीलता र साना तथा मझौला उद्योग जस्ता क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम तथा बजेट प्रस्ताब गर्ने ।

(४) मन्त्रालय तथा निकायले आगामी वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा उत्पादन र उत्पादकत्व वृद्धि हुने र उल्लेख्य रोजगारीका अवसर सिर्जना हुने कार्यक्रमलाई बजेट प्रस्ताव गर्दा विशेष ध्यान दिने ।

(५) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को देहायका प्रावधानको पूर्ण पालना गर्ने;

क. दफा ६(२) बमोजिम प्रत्येक मन्त्रालयले आगामी तीन बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने ।

ख. दफा ८ बमोजिम प्राप्त वार्षिक बजेट सीमा, बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा केन्द्रीय निकायले प्राप्त भएको ७ दिनभित्र मातहतको कार्यलयमा सम्प्रेषण गरी बजेट तर्जुमाको कार्य प्रारम्भ गर्ने ।

ग. दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रहेर लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव गरी फागुन २० गतेभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने ।

घ. दफा ९ को उपदफा (२) ले गरेको लागत, दायित्व, भुक्तानी, लाभ-लागत विश्लेषण लगायतको व्यवस्था बमोजिम बजेट प्रस्तावको सुनिश्चितता गर्नुपर्ने।

ङ. नियमावलीको नियम ११(२) बमोजिम केन्द्रीय निकायले राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको खाकाको आधारमा माग भएका विवरण समावेश गरी आगामी वर्षको बार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचना तयार गरी **विद्युतीय प्रणालीको माध्यमद्धारा फागुन मसान्तभित्र** योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने।

(६) माननीय अर्थमन्त्रीले फागुन १५ गते सङ्घीय संसदमा प्रस्तुत गर्नुहुने बजेटको सिद्धान्त तथा प्राथमिकतालाई ध्यानमा राखी आगामी वर्षको बजेट प्रस्ताव गर्ने।

(७) आगामी सोहौं योजनाको सोच, उद्देश्य, संरचनात्मक रूपान्तरणका प्राथमिक क्षेत्र एवम् रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम र विषयक्षेत्रगत नतिजा सूचकहरुमा निर्दिष्ट लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी बजेट प्रस्ताव गर्ने।

(८) क्रमागत वा बहुवर्षीय आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा चालु आर्थिक वर्षको हालसम्मको भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरी आगामी वर्ष र त्यसपछिका दुई वर्षमा सञ्चालन तथा सम्पन्न हुने क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्ने।

(९) राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट भएका र पूर्व तयारी सम्पन्न भएका आयोजनामा मात्र रकम प्रस्ताव गर्ने।

(१०) आत्मनिर्भर अर्थतन्त्रको प्रवर्द्धन, आन्तरिक रोजगारीका अवसर सिर्जना, गरिबी निवारण, आयोजना सुशासन, उद्योग प्रवर्द्धन तथा ब्यावसायिक कृषिमा अग्र तथा पृष्ठ अन्तर-सम्बन्ध अभिवृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र तत्काल सामाजिक-आर्थिक लाभ हासिल हुनसक्ने आयोजनालाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने।

(११) नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पुराना कार्यक्रमको शिर्षकसँग गाभ्ने-गाभिने/मिलान गरी तथा आगामी सोहौं योजनाका नविनत्तम र सिर्जनशील कार्यक्रमसँग तादात्म्यता कायम हुनेगरी कार्ययोजना सहित कार्यान्वियन गर्ने एकाइको संस्थागत क्षमता, जनशक्ति, लागत तथा उत्पादनका साधनको उपलब्धताको समीक्षा गरी यथार्थपरक परिमाणमा मात्र बजेट माग गर्ने।

(१२) एक भन्दा बढी सङ्घीय मन्त्रालय वा निकायको सहयोग तथा समन्वयमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाका लागि सम्बन्धित सबै निकायसँग समन्वय र सहकार्य गरेर मात्र कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

(१३) सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रको सह-लगानीमा संचालन हुने कार्यक्रमको लागि लगानीको ढाँचा सहित प्रदेश तथा स्थानीय तहलाई सहयोग पुग्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

(१४) प्रदेश र स्थानीय तहले सञ्चालन गरेका कार्यक्रम तथा आयोजना र सङ्घबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाको दोहोरोपना हटाई सम्बन्धित सङ्घीय मन्त्रालयले कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

(१५) निश्चित अन्तराल वा आवधिक रूपमा सञ्चालन गर्नुपर्ने अनिवार्य कार्यक्रम (गणना/सर्वेक्षण) तथा राष्ट्रिय अभियानका लागि आवश्यक बजेट माग गर्दा कार्ययोजना सहित सङ्कलन गरी प्रस्ताव गर्ने।

(१६) निजी तथा सहकारी क्षेत्रको लगानी, सरकारी-निजी क्षेत्रको सहकार्य तथा लगानी आकर्षण र गैरसरकारी क्षेत्रको साझेदारी प्रवर्द्धन गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता दिएर प्रस्ताव गर्ने।

(१७) निर्माण सम्बन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, वनको स्पष्टता, जग्गा, कच्चा पदार्थ तथा जनशक्ति प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा रेखाङ्कन/नक्साङ्कन भइसकेका, कानूनी विवाद नभएका वा निरूपण हुन सक्ने अवस्थामा रहेका कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने।

(१८) आर्थिम वर्षको पहिलो त्रैमासिक अवधिभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिएर बजेट प्रस्ताव गर्ने।

(१९) वार्षिक योजनाको आधारमा यथार्थपरक हुनेगरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन गर्न नपर्ने गरी त्रैमासिक विभाजन सहित स्पष्ट रूपमा बजेट प्रस्ताव गर्ने।

(२०) कार्यक्रम तथा आयोजनामा अबण्डामा रकम एकमुष्ट प्रस्ताव नगर्ने। बजेट प्रस्ताव गर्दा आयोजनागत रूपमा क्रियाकलाप खुल्ने गरी मात्र प्रस्ताव गर्ने।

(२१) स्रोतको सीमितताका कारण आगामी कार्यक्रमलाई विश्लेषण गरी तीन भागमा प्राथमिकता निर्धारण गरी प्रस्ताव गर्ने;

क. तत्काल सम्पन्न हुने तथा छिटो नतिजा दिने कार्यक्रमलाई उच्च प्राथमिकता दिने,

ख. कार्यान्वयनमा रहेका कार्यक्रमलाई समयमै र तोकिएको गुणस्तरमा सम्पन्न गर्नमा जोड दिने,

ग. कम प्रतिफल हुने र पछि सञ्चालन गर्दा समेत उल्लेख्य असर नपर्ने कार्यक्रमलाई हटाउने।

(२२) विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण, केन्द्र,आयोगहरु व्यवस्थित रुपमा सञ्चालन गर्ने गरी गाभ्ने वा खारेज गर्ने।

सम्बन्धित मन्त्रालय वा निकायले माथि उल्लेखित विषयका साथै खर्चको आवश्यकता तथा नतिजा समेतलाई मध्यनजर गरी समष्टिगत तथा आफ्नो क्षेत्राधिकारको विषयगत कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा देहाय अनुसारको मार्गदर्शन अवलम्बन गर्नुपर्नेछ।

## ४. आवधिक योजना तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | आगामी सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को कार्यान्वयन। | क. सोह्रौं योजनाले लिएको सोच, उद्देश्य, समष्टीगत रणनीति तथा विषयक्षेत्रगत रुपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र नतिजा सूचकहरूमा योगदान गर्ने कार्यक्रम/आयोजनाको छनौट, प्राथमिकीकरण र पुन: प्राथमिकीकरण गर्ने।<br>ख. योजनाका पञ्चवर्षीय अवधिमा कार्यान्वयन गरिने रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमको क्रमबद्ध प्राथमिकीकरण तथा वर्गीकरण गरी आगामी वर्षका कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकता साथ बजेट प्रस्ताव गर्ने। |
| २. | दिगो विकास लक्ष्य | ग. नेपालको प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा हालसम्मको कार्यान्वयन र प्रगतिमा आधारित भई सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न सघाऊ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्ने।<br>घ. दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्र, सहकारी एवम् गैरसरकारी क्षेत्र तथा अन्य सरोकारवालाको लगानी प्रवर्द्धन तथा साझेदारी गर्ने कार्यक्रमलाई प्राथमिकता दिने। |
| ३. | अति कम विकसित मुलुकबाट स्तरोन्नति | ङ. सन् २०२६ मा अतिकम विकसित मुलुकबाट सहज, अर्थपूर्ण, दिगो स्तरोन्नति सुनिश्चित गर्नका लागि आवश्यक सहज स्थानान्तरण रणनीति (Smooth Transition Strategy) अनुरूपका कार्यक्रम प्रस्ताव गर्ने। |

## ५. समष्टिगत आर्थिक मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | पुँजीगत खर्च व्यवस्थापन | क. पुँजीगत खर्चलाई नतिजासँग आवद्ध हुने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>ख. राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट भएको, योजना आयोगबाट कार्यान्वयनको लागि स्वीकृत भएको र अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चतता सहित सहमति दिइएको बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गरिने आयोजनाको लागि आवश्यक रकम छुट्याएर (**Earmark** गरी) मन्त्रालय/निकाय र अन्तर्गतका विभाग/कार्यालय /आयोजनाको लागि बजेट प्रस्ताव गर्ने।<br>ग. वित्तीय हस्तान्तरण, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, मध्यमकालीन खर्च संरचनामा प्रतिबद्धता गरिएका लागत (Committed Costs) र प्रमुख कार्यक्रम तथा बहुवर्षीय स्रोत सुनिश्चितता सहित सहमति प्राप्त भएका आयोजनाको लागि आवश्यक रकम विनियोजन गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | घ. विगतमा स्रोत सुनिश्चितता भई बहुवर्षीय ठेक्कामा गएका वा स्रोत सुनिश्चितता दिइएका आयोजनाको कार्यान्वयन अवस्था विश्लेषण तथा अनुमान गरी मध्यमकालीन खर्च संरचनामा रकम प्रस्ताव गर्ने।<br>ङ. विकास निर्माणका पूर्वाधारमा जग्गा प्राप्ति, वन स्पष्टता, वातावरणीय प्रभाव मूल्याङ्कन, क्षतिपूर्ति व्यवस्थापन लगायतका आयोजना स्थलमा पूर्व तयारीका क्रियाकलाप सम्पन्न भई आयोजना बैंकमा प्रविष्ट भएका आयोजना मात्र प्रस्ताव गर्ने।<br>च. आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाको खरिद गुरूयोजना स्वीकृत गरी सो अनुसार वार्षिक खरिद योजना तथा कार्यतालिका तयार गरी बजेट प्रस्ताव गर्ने। साथै, वार्षिक कार्यान्वयन कार्ययोजना, क्रियाकलापगत लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्यांकन कार्ययोजना समेत संलग्न गर्ने।<br>छ. विगतमा स्रोत सुनिश्चितता दिई काम सुरु भएका अधुरा आयोजना सम्पन्न गर्न प्राथमिकता दिएर बजेट प्रस्ताव गर्ने। चालु वर्षको कार्य प्रगतिको आधारमा आगामी आर्थिक वर्षमा सम्पन्न हुन सक्ने आयोजनाको लागि आवश्यक बजेट प्रस्ताव गर्ने।<br>ज. प्रचलित कानून बमोजिम काम सम्पन्न भइसकेका तर नियमानुसार भुक्तानी बाँकी रहेको सिर्जित दायित्व भुक्तानीका लागि आवश्यक रकम प्रस्ताव गर्न सकिने ।<br>झ. वैदेशिक सहायताबाट सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाको हकमा विदेशी सहायता सम्झौता भइसकेको वा अर्थ मन्त्रालयबाट सहमति प्राप्त कार्यक्रम वा आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्ने।<br>ञ. वैदेशिक स्रोत यकिन गरी सम्झौता बमोजिमको रकम मात्र प्रस्ताव गर्ने। सम्झौता बमोजिम Matching Fund बापत नेपाल सरकारको स्रोततर्फ आवश्यक पर्ने रकम अनिवार्य रूपमा समावेश गर्ने। |
| २. | चालु खर्च व्यवस्थापन | क. अनिवार्य दायित्व (तलब, भत्ता, योगदानमा आधारित निवृत्तभरण कोष खर्च, बीमा, घरभाडा, सञ्चार महशुल, इन्धन, पानी तथा बिजुली आदि) मा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने।<br>ख. सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिने, रोजगारी सिर्जना गर्ने, अनिवार्य दायित्व व्यवस्थापन गर्ने र पुँजिगत खर्चलाई थप प्रभावकारी बनाउन सहयोग गर्ने कार्यक्रममा बजेट प्रस्ताव गर्ने।<br>ग. संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएका दरबन्दीमा बजेट प्रस्ताव गर्ने। अस्थायी र सेवा करारको बजेट प्रस्ताव गर्दा स्वीकृत दरबन्दीभित्र रहेर नेपाल सरकारको निर्णय बमोजिम पाउने सुविधा मात्र प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | घ. नेपाल सरकारको स्रोतबाट संचालन हुने आयोजना तथा कार्यक्रमबाट अनुदान दिँदा कुल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने । <br> ङ. विकास समिति, बोर्ड, कोष, सार्वजनिक संस्थान, प्रतिष्ठान लगायतका निकायलाई उपलब्ध गराउने अनुदान रकमबाट ती निकायको लागि तलब, भत्ता, भाडा लगायतका प्रतिबद्ध खर्चमा आवश्यक रकम छुट्याएर मात्र कार्यक्रममा बजेट प्रस्ताव गर्ने । <br> च. चालु खर्च प्रस्ताव गर्दा एकाइ र लागत विश्लेषण गरी मितव्ययी ढंगले आवश्यक रकम प्रस्ताव गर्ने । |
| ३. | खर्च प्रभावकारिता तथा मितव्ययिता | क. अत्यावश्यक अवस्थामा बाहेक नयाँ भवन निर्माण र सवारी साधन खरिदको लागि रकम प्रस्ताव नगर्ने । <br> ख. राष्ट्रको प्रतिनिधित्व गरेर अनिवार्य रूपमा सहभागिता हुनुपर्ने वैदेशिक कार्यक्रम बाहेक अवलोकन, अध्ययन वा भ्रमणको नाममा नेपाल सरकारको दायित्व (वैदेशिक ऋण समेत) पर्ने गरी वैदेशिक भ्रमणका लागि रकम प्रस्ताव नगर्ने । <br> ग. सीप विकास, तालिम, क्षमता अभिवृद्धि, सचेतना, अन्तर-क्रिया, स्थलगत अनुगमन, अध्ययन-अनुसन्धान, समीक्षा र पुनरावलोकन जस्ता एकै प्रकृतिका कार्यक्रमहरु एकीकृत रूपमा गर्नेगरी निकायगत तथा क्षेत्रगत समन्वय र सहकार्यमा बजेट प्रस्ताव गर्ने । |
| ४. | वित्तीय व्यवस्था | क. सार्वजनिक संस्थान पुनःसंरचना तथा विनिवेश सम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याउने गरी कार्यक्रम प्रस्ताव गर्ने । <br> ख. आन्तरिक तथा बाह्य ऋणको भुक्तानी तालिका बमोजिमको साँवा भुक्तानीको लागि आवश्यक रकम प्रस्ताव गर्ने । <br> ग. विभिन्न प्रकृतिका सार्वजनिक कोष (सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, वैदेशिक रोजगार कोष, कर्मचारी कल्याण कोष, निवृत्तिभरण कोष, बीमा कोष एवम् अन्य संस्थागत कोष) लाई उपयुक्त पोर्टफोलियो बनाई प्राथमिकता प्राप्त आयोजना एवम् सह-लगानी प्रकृतिका परियोजनामा लगानी गर्न कार्यक्रम प्रस्ताव गर्ने । <br> घ. विद्यमान वित्तीय हस्तान्तरण प्रणालीलाई लैङ्गिक समानता, जलवायु तथा विपद अनुकुलित, विपन्न, सीमान्तकृत, उपेक्षित, अति गरिब वर्गले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्न सक्ने गरी कार्यक्रम प्रस्ताव गर्ने । <br> ङ. प्रदेश र स्थानीय तहको कोषमा मा निष्क्रिय रूपमा रकम रहने कारणले अर्को शिर्षकमा बजेट अभाव हुने प्रवृत्ति देखिएकोले सरकारको कोष सन्तुलित अवस्थामा राख्नको लागि स्पष्ट र कार्यान्वयनयोग्य कार्यक्रमको बार्षिक कार्यतालिका सहित आर्थिक वर्षको बीचमा रकमान्तर तथा स्रोतान्तर गर्न नपर्ने गरी बजेट विनीयोजन गर्ने |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| ५. | सार्वजनिक ऋण व्यवस्थापन | क. सार्वजनिक ऋणको लागत र लाभ विश्लेषण गरी समष्टिगत आर्थिक स्थायित्व, उत्पादन तथा उत्पादकत्व वृद्धि, स्थानीय तथा मर्यादित रोजगारी, पूर्वाधार र पूँजी निर्माणमा महत्तम उपयोग हुने गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>ख. आन्तरिक ऋणको परिचालन गर्दा ऋण उपयोग हुने कार्यक्रम/आयोजना सुनिश्चित गरी युवालाई स्वदेशमै टिकाउन सहयोग गर्ने, जनताले परिवर्तनको अनुभूति गर्ने र सरकारप्रति विश्वास अभिवृद्धि तथा स्वाबासी दिने कार्यक्रममा बजेट प्रस्ताव गर्ने।<br>ग. पूर्वाधार विकास आयोजनाको स्रोत विस्तार गर्न पूर्वाधार विकास बण्ड जारी गर्ने।<br>घ. वैदेशिक ऋणको प्रतिबद्धता र प्राप्तिको सुनिश्चतता भएका आयोजना तथा कार्यक्रमबाट प्रत्येक बर्ष कम्तिमा पनि सरकारलाई १०-१२ प्रतिशतको लाभ दिन सक्ने आयोजनाहरू प्रस्ताब गर्ने।<br>ङ. वैदेशिक तथा आन्तरिक ऋणलाई अनिवार्य दायित्व, चालु खर्च सञ्चालन, सामाजिक सुरक्षा र वितरणकारी कार्यक्रममा खर्च गर्ने प्रयोजनार्थ उपयोग नगर्ने। |
| ६. | प्रत्यक्ष वैदेशिक लगानी | क. राष्ट्रिय प्राथमिकताका क्षेत्र तोकी पूर्वाधार तथा आर्थिक विकास, उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि योगदान दिने क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन हुने कार्यक्रम प्रस्ताव गर्ने।<br>ख. उत्पादनमूलक, जलविद्युत तथा उर्जा दक्षता अभिवृद्धि, वातावरणीय प्रदुषणरहित, मर्यादित रोजगारी सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान पुर्याउने उद्योगमा वैदेशिक पुँजी, प्रविधि, ज्ञान र सीप आकर्षित गर्ने कार्यक्रम प्रस्ताव गर्ने।<br>ग. वैदेशिक लगानी आकर्षित गर्न बौद्धिक सम्पत्तिको अधिकार संरक्षण तथा उपयोग, लगानीकर्ताको कानुन प्रदत्त सुविधा तथा संस्थागत पूर्वाधार सुदृढीकरण, सबलीकरण र विकासका लागि कार्यक्रम प्रस्ताव गर्ने। |
| ७. | वित्तीय हस्तान्तरण | क. प्रदेश तथा स्थानीय तहका जिम्मेवारी भित्रका कृषि, शिक्षा, लैङ्गिक तथा बाल विकास र अपाङ्गता भएका व्यक्तिको आर्थिक उपार्जन गर्नेगरी लक्षित कार्यक्रमका लागि निश्चित प्रतिशत बजेट प्रस्ताव गर्ने।<br>ख. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशलाई पूर्ण कार्यान्वयन गर्ने गरी समानीकरण अनुदान हस्तान्तरण गर्ने। सशर्त अनुदान अन्तर्गतका कार्यक्रम घटाई प्रदेश र स्थानीय तहको कार्यगत स्वायत्तता र आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्ने कार्यक्रममा अनुदान हस्तान्तरण गर्ने।<br>ग. प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनाको स्पष्ट मोडालिटी तयार गरेर सम्बद्ध तहले अपनत्व लिने प्रकृतिका कार्यक्रममा मात्र सःशर्त अनुदानमा प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | घ. सःशर्त अनुदानको कार्यक्रम तथा आयोजनाका लागि विनियोजित बजेटबाट वित्तीयी हस्तान्तरण गर्ने गरी बाँडफाँट गरी प्रस्ताव गर्ने र मन्त्रालयको बजेटमा समावेश गरी वित्तीय हस्तान्तरण नगर्ने। |
| ८. | राष्ट्रिय आयोजना बैंक | क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम २५ बमोजिम सबै केन्द्रीय निकायले आँफैले वा मातहतका कार्यालय वा आयोजनामार्फत् आयोजनाको विवरण राष्ट्रिय आयोजना बैंकमा अनिवार्य रूपमा प्रविष्टि गरेर मात्र वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको विवरण पठाउने।<br>ख. नियम २५(५) अनुसार राष्ट्रिय आयोजना बैंकमा समावेश नभएको आयोजनाको लागि बजेट विनीयोजन गर्न पाईनेछैन्। |
| ९. | अर्थतन्त्रको सवलीकरण | ग. अर्थतन्त्रको प्राथमिक क्षेत्रको सबलीकरण, द्धितीय क्षेत्रको विकास तथा विस्तार र तृतीय क्षेत्रको तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान र प्रवर्द्धनसँगै उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, आत्मनिर्भर अर्थतन्त्र निर्माण, क्षेत्रगत तथा समष्टिगत पुँजी निर्माण, रोजगारी सिर्जना, गरिबी निवारण, शासकीय सुधार गर्ने कार्यक्रममा जोड दिने।<br>घ. आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने तथा उच्च प्रतिफल दिने र तत्काल आर्थिक सामाजिक लाभ हासिल गर्ने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिने। |
| १०. | राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजना कार्यान्वयन | क. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम, बहुवर्षीय ठेक्का सम्झौता भएका र स्रोत सुनिश्चितता दिइएका कार्यक्रम/आयोजनाको स्रोत सुनिश्चितता हुने (Earmark) गरी प्रस्ताव गर्ने।<br>ख. पूर्व तयारीको चरण पुरा गरेका आयोजना तथा कार्यक्रम स्पष्ट कार्ययोजना सहित प्रस्ताव गर्ने र अन्तिम चरणमा पुगेका निर्माणाधीन आयोजना आगामी वर्षभित्रै सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्ने<br>ग. भौतिक तथा वित्तीय प्रगति न्यून रहेका आयोजनाको कार्यान्वयनमा देखिएका बाधा अड्चन पहिचान गरी सोको निराकरण गर्नसक्ने क्रियाकलापमा बजेट प्रस्ताव गर्ने। सालवसाली प्रकृतिका रूपान्तरणकारी कार्यक्रमको राष्ट्रिय आवश्यकता, प्राथमिकता तथा वर्तमान समयमा औचित्वताको विश्लेषण गरी बजेट प्रस्ताव गर्ने। |
| ११. | कार्यक्रम कार्यान्वयन | क. कार्यक्रमको आवश्यकता, कार्यान्वियनयोग्य कार्यविधि, मापदण्ड र स्रोतको सुनिश्चितता तथा अनुगमन एवम् मूल्यांकनको आधार निश्चित गरी बजेट सीमा भित्र रही कार्यक्रम प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ख. कार्यक्रम कार्ययोजना, प्रमुख नतिजा सूचक र ऐन, नियम तथा कार्यविधिमा आधारित भई तोकिएको समयसीमा भित्र खर्च हुने गरी त्रैमासिक विभाजन सहितका कार्यक्रम प्रस्ताव गर्ने ।<br>ग. जनशक्ति व्यवस्थापन तथा उत्प्रेरणा, क्षमता विकास तथा संस्थागत सुदृढीकरण जस्ता पक्षलाई समेत समेटि कार्यक्रम प्रस्ताव गर्ने ।<br>घ. सङ्घीय मन्त्रालय र अन्य निकाय तथा प्रदेश र स्थानीय तहबीच समन्वय हुनेगरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| १२. | अनुगमन तथा मूल्यांकन | क. नतिजामूलक, भरपर्दो र दिगोपनाको अनुगमन तथा मूल्यांकन एवम् उच्च लगानीका आयोजनाको संयुक्त तथा सहभागितामूलक अनुगमन गरी सुधारात्मक पृष्ठपोषण प्रदान गर्नसक्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>ख. राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजना तथा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी सघन अनुगमन गर्ने व्यवस्थाको लागि बजेट प्रस्ताव गर्ने ।<br>ग. अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित निकाय तथा अन्तर-तह सहकार्य, क्षमता विकास र व्यवस्थापन सूचना प्रणाली तथा एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्ने कार्यक्रम प्रस्ताव गर्ने । |

## ६. तहगत सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना सम्बन्धी मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | सङ्घबाट सञ्चालन हुने कार्यक्रम र बजेट | क. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ अनुसार एकल अधिकारको विषय र पूर्वाधार आयोजनाको हकमा तीन करोड रुपैयाँ भन्दा कम लागतका नयाँ आयोजना सङ्घबाट कार्यान्वयन नगरिने ।<br>ख. उक्त मापदण्डको दफा ७ अनुसार चालु वर्षमा कार्यान्वयनमा रहेका क्रमागत आयोजना आगामी आर्थिक वर्षबाट यसै मापदण्ड बमोजिम जुन तहको कार्यक्षेत्रभित्र पर्दछ सोही तहबाट कार्यान्वयन हुनेगरी हस्तान्तरण गर्न सकिने ।त्यस्ता आयोजनाको हाल कार्यान्वयन भएको तहबाट बहुवर्षीय ठेक्का भई दायित्व सिर्जना भएको भए त्यस्तो दायित्व आयोजना हस्तान्तरण गर्ने तहले व्यहोर्नुपर्ने । तीन करोड रुपैयाँ वा सो भन्दा बढी लागतका पूर्वाधार वा अन्य आयोजना सङ्घले तर्जुमा गरी कार्यान्वयनका लागि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सक्ने । प्राविधिक रूपले जटिल एवम् नविनत्तम प्रविधिको प्रयोग गर्नुपर्ने र प्रदेश वा स्थानीय तहको क्षमताले नधान्ने आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहको समन्वयमा सङ्घले तर्जुमा गरी सञ्चालनका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्ने ।विकास साझेदारसँग सम्झौता भई कार्यान्वयन भएका आयोजना हाल |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
| --- | --- | --- |
| | | कार्यान्वियन गरिरहेको तहले नै सम्पन्न गरी सञ्चालनका लागि जुन तहको कार्यक्षेत्रभित्र पर्छ सोही तहमा हस्तान्तरण गर्नुपर्ने।यसरी हस्तान्तरण भएका आयोजना सम्बन्धित तहले कार्यान्वियन गर्नुपर्ने र त्यस्ता आयोजनामा लाग्ने लागत सङ्घले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदान मार्फत बार्षिक रूपमा उपलब्ध गराउनु पर्ने ।<br>ग. सोही मापदण्डको दफा-९ अनुसार सङ्घीय आयोजनालाई लागतका आधारमा १० करोड रुपैयाँसम्मलाई साना, १० करोड रुपैयाँभन्दा बढी ५० करोड रुपैयाँसम्मलाई मझौला र ५० करोड रूपैयाँभन्दा बढीलाई ठूला आयोजनामा वर्गीकरण गरी कार्यान्वयन गरिने । दफा-१६ अनुसार साना तथा मझौला आयोजना बढीमा तीन बर्षभित्र र ठूला आयोजना बढीमा छ बर्षभित्र सम्पन्न गर्नुपर्ने ।<br>घ. सोही मापदण्डको दफा-१०अनुसार राष्ट्रिय योजना आयोगले सङ्घ, प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने सरकारी आयोजनाको अलावा निजी, सामुदायिक वा सार्वजनिक-निजी साझेदारी वा अन्य प्रकृतिका आयोजनालाई तोकिएको आधारमा मन्त्रालयको सिफारिसमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोक्न सक्ने । दफा-११ अनुसार त्यस्ता आयोजनालाई स्रोत सुनिश्चितता र कार्यान्वयनमा प्राथमिकता दिन सम्बन्धित मन्त्रालय वा निकायको मध्यमकालीन खर्च संरचनामा आयोजना प्रस्ताव गर्दा आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ बमोजिम पहिलो र दोस्रो प्राथमिकतामा वर्गीकरण गरी प्रस्ताव गर्नुपर्ने । दफा-१६ अनुसार त्यस्ता आयोजना बढीमा छ बर्षभित्र सम्पन्न गर्नुपर्ने ।<br>ङ. सोही मापदण्डको दफा ५ अनुसार साझा अधिकार सूचीका आयोजनामध्ये राष्ट्रिय सुरक्षा वा रणनीतिक आधारबाट महत्वपूर्ण देखिएको आयोजना सङ्घले सञ्चालन गर्ने र अन्य आयोजनाको हकमा एक भन्दा बढी प्रदेश समेटिने आयोजना सङ्घले सञ्चालन गर्ने ।साथै, प्राकृतिक विपदबाट सिर्जित आपतकालीन अवस्थामा सङ्घले सम्बन्धित प्रदेश वा स्थानीय तहको समन्वयमा प्रदेश वा स्थानीय तहको क्षेत्राधिकारमा पर्ने आयोजनामा समेत काम गर्न सक्ने । मापदण्डको अनुसूची-२ बमोजिम साझा अधिकारको विषयमा ५० करोड रुपैयाँभन्दा माथिका आयोजना सङ्घले कार्यान्वयन गर्ने ।<br>च. सोही मापदण्डको दफा-१२ बमोजिम नेपाल सरकारले लागत रकम कम्तीमा दश अर्ब रुपैयाँ र पचास अर्ब रूपैयाँ भएका आयोजनालाई तोकिएका अन्य आधारसहित राष्ट्रिय योजना आयोगको सिफारिसमा क्रमश:रूपान्तरणकारी आयोजना र राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न सक्ने । दफा-१६ अनुसार रुपान्तरणकारी आयोजना |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | बढीमा छ बर्षभित्र र राष्ट्रिय गौरवका आयोजना बढीमा दशबर्ष भित्र सम्पन्न गर्नुपर्ने । <br> छ. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजना सङ्घबाट सञ्चालन गर्ने । <br> ज. संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर सङ्घको कार्यक्षेत्रमा राखिएका कार्यक्रम तथा आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने । <br> झ. लामो समय देखि स्वीकृत भई कार्य प्रारम्भ नभएका, निरन्तर रूपमा ज्यादै न्यून बजेट विनियोजन गरी लामो समयदेखि बजेटमा समावेश गरिएको एवम् सम्भाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी शुरू मात्र भएका कार्यक्रम तथा आयोजनालाई पुनःप्राथमिकीकरण गर्ने र औचित्यताको आधारमा सञ्चालन गर्ने वा बन्द गर्ने । <br> ञ. जनतासँग प्रत्यक्ष सरोकार राख्ने सेवा प्रवाह हुने प्रकृतिका कार्यक्रम तथा आयोजना स्थानीय र प्रदेश तहमा हस्तान्तरण गर्ने । <br> ट. एकै प्रकृतिका कार्यक्रम तथा आयोजनाका विभिन्न बजेट शिर्षक तथा उपशीर्षक गाभी र नयाँ कार्यक्रम भए सोसँग तादात्म्यता गरी एकीकृत रूपमा सञ्चालन गर्ने । <br> ठ. प्रदेश र स्थानीय तहबाट समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालित बहुवर्षीय कार्यक्रम तथा आयोजनासँग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने । <br> ड. प्रादेशिक सन्तुलन कायम हुने र पुँजीगत खर्च गर्नेगरी बजेट प्रस्ताव गर्ने । |
| २. | प्रदेशबाट सञ्चालन हुने कार्यक्रम तथा बजेट | क. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा-६ अनुसार एकल अधिकारको विषय र पूर्वाधार आयोजनाको हकमा एक करोड रुपैयाँ भन्दा कम लागतका नयाँ आयोजना प्रदेशबाट कार्यान्वयन नगरिने । <br> ख. एक करोड रुपैयाँ वा सो भन्दा बढी लागतका पूर्वाधार वा अन्य आयोजना प्रदेशले तर्जुमा गरी कार्यान्वयनका लागि स्थानीय तहमा हस्तान्तरण गर्न सक्ने र त्यस्ता आयोजनामा लाग्ने लागत प्रदेशले सशर्त अनुदान मार्फत बार्षिक रूपमा उपलब्ध गराउनु पर्ने । <br> ग. उक्त मापदण्ड, २०८० को दफा ५ अनुसार साझा अधिकार सूचीको हकमा सम्बन्धित प्रदेश भित्रको एक भन्दा बढी स्थानीय तह र एक प्रदेश मात्र समेटिने आयोजना सम्बन्धित प्रदेशले सञ्चालन गर्ने । मापदण्डको अनुसूची-२ बमोजिम साझा अधिकारको विषयमा क्र.स. १ मा स्थानीय तहका लागि तोकिएको सीमाभन्दा माथिका ५० करोड रुपैयाँसम्मका आयोजना प्रदेशले कार्यान्वयन गर्ने । <br> घ. सङ्घबाट प्रदेश तहमा हस्तान्तरण भएका वा हुने सशर्त अनुदान अन्तर्गत बहुवर्षीय ठेक्का लागेका आयोजनाको ठेक्का लागेको अवधिको सम्पूर्ण लागत (नाम, स्थान, शुरू मिति, सम्पन्न हुने मिति, विस्तृत कार्यक्रम/आयोजना प्रतिवेदन, वित्तीय एवम् |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | भौतिक प्रगति, तत्काल समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यावसायीको विगतको कार्य सम्पन्नताको अवस्था, भेरियसन भए/नभएको, मूल्य समायोजन भए/नभएको, आदि) तयार गरी बजेट प्रस्तावमा संलग्न गर्ने ।<br>ङ. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका आयोजनाको उपलब्ध स्रोतको आधारमा प्राथमिकीकरण गरी स्रोतको सुनिश्चितता सहित आयोजना कार्यान्वयन गर्ने ।<br>च. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत कार्यान्वयन सुनिश्चितता नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित कार्यान्वयनयोग्य भएमा प्रदेश आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाउने ।<br>छ. राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकम मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>ज. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका पुँजीगत खर्च गर्न नहुने ।<br>झ. समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने गरी बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत आयोजनासँग अन्य कार्यक्रम तथा आयोजना दोहोरो नपर्ने व्यवस्था मिलाउने । |
| ३. | स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम तथा बजेट | क. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ५ अनुसार साझा अधिकार सूचीका आयोजनाको हकमा एक स्थानीय तहमात्र समेटिने आयोजना सम्बन्धित स्थानीय तहले सञ्चालन गर्ने । साथै, मापदण्डको अनुसूची-२ को अधिनमा रही साझा अधिकारको विषयमा तीन करोड रुपैयाँसम्मका आयोजना गाउँपालिकाले, पाँच करोड रूपैयाँसम्मका आयोजना नगरपालिकाले, दश करोड रूपैयाँसम्मका आयोजना उपमहानगरपालिकाले र पन्ध्र करोड रुपैयाँसम्मका आयोजना महानगरपालिकाले कार्यान्वयन गर्ने ।<br>ख. सङ्घ र प्रदेशबाट सञ्चालन गर्ने भनी उल्लेख नगरिएका, स्थानीय तहमा मात्र हस्तान्तरण गर्नुपर्ने र स्थानीय तहको अधिकार भित्र रहेका आयोजना/कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>ग. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजस्वबाट मितव्ययी ढंगले प्रशासनिक खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>घ. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका खर्च गर्न नहुने व्यवस्था मिलाउने।<br>ङ. राष्ट्रिय प्रणालीसँग सामञ्जस्य तथा अन्तरआबद्धता कायम हुने गरी तथ्यांक, योजना, मध्यमकालीन खर्च संरचना, बजेट, आयोजना व्यवस्थापन, अनुगमन तथा |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | मूल्यांकन, विषयक्षेत्रगत व्यवस्थापन सूचना प्रणालीको विकास, सञ्जालीकरण तथा सञ्चालन गर्ने व्यवस्था मिलाउने। |

## ७. संरचनात्मक रूपान्तरणका क्षेत्रहरू

नेपाल सरकारका मन्त्रालय तथा केन्द्रीय निकाय र मातहतका कार्यालयहरू, साथै नेपाल सरकारको स्रोतमा प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरू प्रस्ताव गर्दा सोह्रौं योजनाले पहिचान गरेका संरचनागत रुपान्तरणका क्षेत्रहरूमा प्रत्यक्ष योगदान पुग्ने, साथै रुपान्तरणका लागि प्रस्तावित प्रमुख हस्तक्षेपकारी कार्यक्रम कार्यान्वयनमा योगदान पुग्नेगरी आफ्ना कार्यक्रमहरू तय गरी प्रस्ताव गर्नुपर्नेछ। देहायका विषयक्षेत्रहरू आगामी ५ वर्षको अवधीमा संरचनागत रुपान्तरण मार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोचका साथ सोह्रौं योजनाको पछिल्लो मस्यौदा तयार गरिएको छः

१. योजनाको सोच: सुशासन, सामाजिक न्याय र समृद्धि।
२. समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि।
३. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि।
४. उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा ।
५. स्वस्थ, शिक्षित र सिपयुक्त मानवपुँजी निर्माण।
६. गुणस्तरीय पूर्वाधार एवम् एकीकृत यातायात व्यवस्था प्रणाली।
७. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास।
८. लैङ्गिक समानता, सामाजिक समावेशीकरण र परिचालन।
९. प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास।
१०. गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण।
११. प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि।
१२. शासकीय सुधार एवम् सुशासन अभिवृद्धि।
१३. जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र,
१४. अतिकम विकसित मूलुकबाट सहज स्तरोन्नती तथा दिगो विकास लक्ष्य प्राप्ति।

## ८. मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमामा समावेश गर्नुपर्ने विषयवस्तुहरू

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | मध्यमकालीन खर्च संरचना तर्जुमा | च. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था र आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ को व्यवस्था तथा नियमावली, २०७७ को नियम ११ बमोजिम तीन वर्ष अवधिको विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने।<br>छ. सो खाकामा उल्लेख हुने अपेक्षित नतिजा/लक्ष्य हासिल गर्ने गरी आवश्यक बजेट/खर्च सहित योजना तथा कार्यक्रम प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ज. मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण मन्त्रालयबाट राष्ट्रिय योजना आयोगको यस सम्बन्धी पोर्टल www.mtef.npc.gov.np मा प्रविष्ट गरी राष्ट्रिय योजना आयोगमा सम्प्रेषण गर्ने । <br> झ. मध्यमकालीन खर्च संरचना बमोजिम कार्यान्वयन गरिने आयोजना/कार्यक्रम र सो अन्तर्गतका क्रियाकलाप, निर्धारित खर्च मापदण्ड (नर्म्स) को आधारमा लाग्ने अनुमानित लागत तथा सो लागत व्यहोर्ने स्रोत राष्ट्रिय योजना आयोबाट प्राप्त बजेट सीमाको अधिनमा रहि प्रस्ताव गर्ने । <br> ञ. प्रत्येक विकास कार्यक्रम तथा आयोजनाको संरचनात्मक रूपान्तरणका क्षेत्रको संकेत (१-१४), दिगो विकास लक्ष्य संकेत (१-१७), प्राथमिकता संकेत (१ वा २), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३) र जलवायु परिवर्तन संकेत (१, २ वा ३) उल्लेख गर्ने । |
| २. | वार्षिक विकास कार्यक्रम तर्जुमा | ट. मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नै आगामी वर्ष सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको बजेट उपशीर्षक नम्बर, उद्देश्य, आयोजना अवधि, लागत, अपेक्षित नतिजासहितको संक्षिप्त विवरण तयार गरी समावेश गर्ने । |